मिति: २०७२।७।२१

श्री अध्यक्षज्यु
पदाधिकारी तथा पदाधिकारी ज्यूहरु,
ट्रेकिङ्ग एजेन्सीज् एशोसिएशन अफ नेपाल (TAAN)
केन्द्रिय कार्य समिति,
केन्द्रिय कार्यलय, मालिगाउं

**विषय: अध्ययनको निष्कर्ष सुझाव तथा सिफारिस पेश गरिएको बारे ।**

मिति २०७२ कार्तिक १५ गतेको यस ट्रेकिङ्ग एजेन्सीज् एशोसिएशन अफ नेपाल (TAAN) कार्य समितिको बैठकले आफ्नो प्रस्ताव नं. १३ मा छलफल हुँदा टिम्समा भएका कर्मचारीहरुको बारे बैठकमा निर्णय गरे अनुसार हालै नियुक्ति गरिएको कर्मचारीहरुको सन्दर्भमा र टिम्सका कर्मचारीहरुको विस्तृत विवरण अध्ययन गर्न हामीहरु श्री **कर्ण बहादुर लामाज्यु**को संयोजकत्वमा **श्री लिला बल्दभ दाहाल, श्री कृष्णमान श्रेष्ठ, श्री मुक्ति पाण्डे र श्री तारा नाथ लामिछाने** रहने एक समिति गठन गरी कर्मचारीहरुको आवश्यकता बारे अर्को कार्यसमितिको बैठकमा विवरण पेश गर्ने गरि निर्णय भएको र सोहि कार्यसमितिको बैठकको निर्णयले कार्यादेश पाए बमोजिम अध्ययन समितिको बैठक संयोजक कर्ण बहादुर लामाज्युको संयोजकत्वमा ट्रेकिङ्ग एजेन्सीज् एशोसिएशन अफ नेपाल (TAAN) को कार्यालयमा बसी निर्णय गरीएको व्यहोरा अवगत गराउँदछौं । उक्त अध्ययन समितिले सम्पुर्ण तथ्यको अध्ययन गरी निष्कर्षमा पुगे अनुसार हामीले बैठक बसी बैंठकको विभिन्न प्रकरणमा उललेखि गरिएको टान (TAAN) को विधानको व्यवस्था, कर्मचारी विनियमावलीको व्यवस्था, निर्णय प्रक्रिया, निर्णयमा बहुमतको स्विकृतिको अभाव, निर्वाचन घोषण पछि काम चलाउ हैसियतमा भएको विवादस्पद निर्णय, कर्मचारीलाई दिईको नियुक्तिपत्र तथा नियुक्तीको निर्णय भएको र हाजीरी हुनुपर्ने मिति सो मितिमा हाजीरी नभई अत्यन्त शंकास्पद र द्धिविधाजनक नियुक्ति प्रक्रिया देखिएको हुँदा उक्त तिनजना कर्मचारीहरु १) जानुका भट्ट २) राधिका श्रेष्ठ ३) सम्झना श्रेष्ठको नियुक्ति सदर हुन नसक्ने निष्कर्ष सुझाव सहित निर्णय भएको हुँदा उपरोक्त दरबन्दिमा कर्मचारीहरु नियुक्तीमा अति आवश्यकीय निर्णय गर्नै पर्ने भए नया

निर्वाचित कार्य समितिले वैधानिक प्रक्रिया पुर्याई पुन निर्णय गर्न सक्ने अवस्थामा निर्वाचनको मुखमा गरिएको निर्णय आफैंमा दुरासयपुर्ण र कार्यान्वयनको लागी अयोग्य भएको हुँदा सोहि बमोजिमको सिफारिस कार्यसमिति समक्ष पेश गर्दछौं ।

**अध्ययन समितिको तर्फबाट**

| | |
|---|---|
| १। श्री कर्ण बहादुर लामा, | संयोजक |
| २। श्री लिला बल्दभ दाहाल, | सदस्य |
| ३। श्री कृष्णमान श्रेष्ठ, | सदस्य |
| ४।श्री मुक्ति पाण्डे, | सदस्य |
| ५। श्री तारा नाथ लामिछाने, | सदस्य |

**संलग्न कागजात**

१। अध्ययन समितिले बैठक बसी गरेको निर्णयको प्रतिलिपी

२। कर्मचारी नियुक्त गर्ने गरी मिति २०७२।८।१२ गते भएको निर्णय

३। कर्मचारीलाई दिइएको २०७२।६।१ को नियुक्तिपत्र

४। कर्मचारी हाजीरी भएको २०७२।७।१ देखिको हाजीरी पुस्तिका

५। संस्थाको विधान

६। संस्थाको विनियमावली

७ निर्वाचन आयोग ऐन, २०४७ को सम्बन्धित दफाको प्रतिलिपी

मिति २०७२ कार्तिक १५ गतेको ट्रेकिङ्ग एजेन्सीज् एशोसिएशन अफ नेपाल (TAAN) कार्य समितिको बैठकले आफ्नो प्रस्ताव नं. १३ छलफल हुँदा टिम्समा भएका कर्मचारीहरुको बारे बैठक गरी कर्मचारिहरु हालै नियुक्ति गरिएको सन्दर्भमा यस बारे सबै कर्मचारीहरुको विवरण अध्ययन गर्न कश्री कर्ण बहादुर लामाज्युको संयोजकत्वमा **श्री लिला बल्दभ दाहाल, श्री कृष्णमान श्रेष्ठ, श्री मुक्ति पाण्डे र श्री** तारा **नाथ लामिछाने** रहने एक समिति गठन गरी कर्मचारीहरुको आवश्यकता बारे अर्को कार्यसमितिको बैठकमा विवरण पेश गर्ने गरि निर्णय भएको र सोहि कार्यसमितिको बैठकको निर्णयले कार्यादेश पाए बमोजिम अध्ययन समितिको बैठक संयोजक कर्ण बहादुर लामाज्युको संयोजकत्वमा ट्रेकिङ्ग एजेन्सीज् एशोसिएशन अफ नेपाल (TAAN) को कार्यालयमा बसी निम्न निर्णयहरु गरियो ।

श्री कर्ण बहादुर लामा संयोजक

श्री लिला बल्दभ दाहाल

श्री कृष्णमान श्रेष्ठ

श्री मुक्ति पाण्डे

श्री तारा नाथ लामिछाने

**प्रस्तावहरु**

**प्रस्ताव नं १:** कर्मचारीहको नियुक्ति प्रक्रिया अध्ययन गरी प्रतिवेदन पेश गर्ने ।

**विविध :** छलफलका विषय नभएको ।

## निर्णयहरु

**निर्णय नं. १:** प्रस्ताव नं. १ अन्तरगत छलफल गर्दा निवर्तमान कार्य समितिले निर्वाचनको मिति घोषणा भई सकेपछी गरेको कर्मचारीको नियुक्तका क्रममा विद्यमान वैधानीक व्यवस्था, अपनाइएका कार्यविधी, र कार्य समितिले गर्नुपर्ने कार्यको बारेमा अध्ययन समितिमा व्यापक छलफल भई निम्न अनुसारको निष्कर्षमा सहमती भयो ।

## अध्ययनबाट निम्न लिखित अवस्था विद्यमान रहेको देखियो ।

**१) टान (TAAN) मा कर्मचारी नियुक्तिका सन्दर्भमा भएका वैधानीक व्यवस्था**

(क) ट्रेकिङ्ग एजेन्सीज् एसोसिएशन अफ नेपालको विधान २०६५

**धारा ३६: कर्मचारी सम्बन्धी व्यवस्था:**

**उपधारा ३.** उपधारा बमोजिम नियुक्त कर्मचारीको पारिश्रमीक सुविधा र सेवाको सर्तहरु यस विधान बमोजिम बनाएको कर्मचारी विनियममा निर्दिष्ट नभए सम्म समितिले तोकिदिए बमोजिम हुनेछ । *(यो व्यवस्था विनियम नभएको वा विनियममा स्पष्ट उल्लेख नभएको सन्दर्भमा मात्र हुने) । हाल कर्मचारी विनियम लागु भएको अवस्था छ ।*

**उपधारा ४:** संस्थाद्वारा सञ्चालित परियोजना वा कार्यक्रमहरु सञ्चालन गर्नको लागि आवश्यक कर्मचारीको छनौट वा नियुक्ति प्रतिस्पर्धात्मक तरिकाबाट हुनेछ । यसरी राखिएका कर्मचारीहरुको करार या नियुक्तिको अवधी एक चोटीमा २ वर्ष भन्दा बढीको हुनु हुदैन ।

**धारा ३७: विनियम बनाउने अधिकार:**

उपधारा २ :उपधारा १ को सर्वमान्यतामा प्रतिकुल असर नपर्ने गरी बिशेष गरी संघको समितिले देहायका विषयमा विनियमहरु बनाउन सक्नेछ ।

च) कर्मचारी प्रशासन विनियम

(ख) ट्रेकिङ्ग एजेन्सीज् एसोसिएशन अफ नेपाल, कर्मचारी प्रशासन विनियम २०५१

(२०६२ को संसोधन सहित)

नियम २.३ पदपुर्ति सम्वन्धि व्यवस्था

संघलाई आवश्यक कर्मचारीको पदमा नियुक्ती -(नया नियुक्ति र बढुवा समेत) को लागि सिफारिस गर्न कार्य समितिले देहाय बमोजिम पाँच जनाको पदपुर्ति समिति गठन गर्नेछ। पदपुर्ति समितिको कार्यविधि समितिको तोके बमोजिम हुनेछ।

क) केन्द्रिय कार्य समितिका अध्यक्ष -१ ........................अध्यक्ष

ख) केन्द्रिय कार्य समितिका महा-सचिव -१ ..................सदस्य

ग) समितिले तोके बमोजिमका पदाधिकारी वा सदस्य -२ ...सदस्य

घ) कार्यकारी अधिकृत ....................................सदस्य सचिव

**नियम २.४ विज्ञापन :-**

पुर्ति गर्नुपर्ने पदको संख्या, सेवा, श्रेणी स्थायी वा अस्थायी, आवश्यक न्युनतम शैक्षिक एवं अन्य तालिम सम्बन्धि योग्यता, अनुभव, सो पदले सम्पादन गर्नुपर्ने काम, परिक्षाको किसिम, उमेरको हद, नागरिकत दरखास्त दिने अन्तिम मिति आदी लगायतका कुराहरु खुलाई सर्वसाधारणले थाहा जानकारी पाउने कुनै राष्ट्रिय दैनिक पत्रिकामा एक महिनाको अवधि तोकि विज्ञापन प्रकाशित गर्नुपर्नेछ।

**नियमः २.१२ करारमा नियुक्तिः**

बढीमा दुइ बर्षको लागी पदपुर्ति समितिको सिफारिसमा

**नियम २.१३ अस्थायी नियुक्तिः**

स्थायी पुर्तिकोकारवाही गरी नया नियुक्ति वा बढुवा नभएसम्मका लागी अध्यक्षले समितिको पुर्व स्वीकृती लिई बढिमा ६ महिना सम्मको लागी स्थायी नियुक्ति गर्न सक्ने।

## (ग) २०७२ असोज ८ गते को टान कार्य समितिको बैठकको निर्णय

- **प्रस्ताव खण्डमा उल्लेख भएका छलफलको एजेण्डाहरु**

-प्रस्तावना नं. १: कार्यसमितिको ३७ औं साधारणसभामा पेश गरिने महासचिवको प्रतिवेदन

-प्रस्तावना नं. २: कार्यसमितिको ३७ औं साधारणसभामा पेश गरिने लेखा परिक्षणको प्रतिवेदन

-प्रस्तावना नं. ३ : बिधान संसोधन

-विविध

- निर्णय खण्डको विविधको (क) मा भएको निर्णय

क) ३ जना कर्मचारीहरु जानुका भट्ट, राधिका श्रेष्ठ र सम्झना श्रेष्ठ, लाई टिम्स शाखामा सिनियर असिस्टेन्ट पदमा नियुक्ति गर्न भनी मिति २०७२।६।८ गते बसेको कार्य समितिको बैठकले सोहि महिनाको असोज १५ गते देखि हजिर भई कार्य गर्ने गरी नियुक्ती दिने निर्णय गरिएको ।

## बैठकको निष्कर्ष सुझाव तथा सिफारिस

१) यसरी कर्मचारी कर्मचारी नियुक्ति तथा अन्य महत्वपुर्ण निर्णयहरु विविधमा लगी निर्णय गरिनु आफैमा दुरासयपुर्ण विषय हो ।

२) नियुक्तिको निर्णय हुंदा २०७२ असोज १५ गतेदेखि हाजिर हुने भनी निर्णय गरिएको । तर कर्मचारीहरु उक्त दिन देखि हाजीरी नभएको र हाजिरी पुस्तिका अनुशार कार्तिक १ गते देखि कार्यलयमा हाजिरी भएको । कर्मचारीहरुलाई नियुक्ती पत्र भने २०७२।६।१ गतेको मितिमै दिईएकोले नियुक्ती दिईएको विषय आफैंमा द्धिविधाजनक, हचुवामा, बिना प्रक्रियामा विधान र कर्मचारी विनियम बाहिरको निर्णय हो ।

३) कर्मचारी प्रशासन विनियम २०५१, को नियम २.३ अनुसारको पदपुर्ती समिति गठन नगरी नियुक्ति दिईएको हुंदा आफैंमा बिबादास्पद र अबैधानिक नियुक्त भएको स्पष्ट छ ।

४) विनियमावलीको नियम २.४ अनुसारको बिज्ञापन नगरिकनै कर्मचारीहरु नियुक्ति गरिएको ।

५) नियम २.१३ अनुसार कर्मचारी को अस्थायी नियुक्त भएको हो भने पनी समितिको पुर्व स्विकृती लिएर मात्र नियुक्ती गर्नु पर्नेमा सो प्रक्रिया पुरा नगरेको ।

६) कर्मचारी नियुक्ति गर्दा बिधानको कुन धारा र कर्मचारी विनियमको कुन नियम अनुसार गरिएको हो श्पष्ट नभएको, साथै कर्मचारीको हैसियत स्थायी, अस्थायी, करार के हो सो समेत स्पष्ट नभएको । बैठकमा

बहुमतको निर्णय नभएको र कार्य समितिका सदस्यहरुको हस्ताक्षर हाजीरीमा मात्र भएकोमा निर्णयमा बहुमत कार्य समितिका सदस्यहरुको सहमती मान्न नसकिने ।

८) कर्मचारी नियुक्ति जस्तो महत्वपुर्ण विषय निर्णय गर्ने छलफलको मुल एजेण्डामा नराखेर बिबिधमा राखी कार्यसमितिको सबै सदस्यहरुबिच व्यापक छलफल समेत नभएको देखिएको । जुन कुरा सबै कार्यसमितिका सदस्यले निर्णयको अन्तमा हस्ताक्षर नगरेको हुँदा स्पश्ट हुन्छ ।

९. नेपाल सरकारले गर्ने राष्ट्रिय र स्थानिय निर्वाचनमा समेत काम चलाउ सरकारले दैनिक कार्य संचालन सँग सम्वन्धित बाहेक अन्य निर्णयहरु गर्न पाउँदैन । उदाहरको लागी निर्वाचन आयोग ऐन, २०४७ ले समेत ले आफ्नो दफा २४क. आचार सँहिता बनाउने : व्यबस्था गरेको छ । जस अनुसार उप दफा (२) मा उपदफा (१) बमोजिम आयोगले आचार संहिता बनाउँदा खास गरी निर्वाचनको मिति घोषणा भई अन्तिम नतिजा घोषणा नभएसम्म निर्वाचनको स्वच्छता र निष्पक्षतामा प्रभाव पर्ने गरी नेपाल सरकारले नयाँ नीति योजना तथा कार्यक्रम घोषणा गर्न, जनशक्ति तथा साधन श्रोतको परिचालन गर्न तथा निर्वाचन प्रचार प्रसारको लागि सरकारी सञ्चार साधनको प्रयोग गर्न नपाउने विषयमा आचार संहिता बनाउन सक्नेछ, भन्ने व्यवस्था छ । यस अनुसार कर्मचारी नियुक्ती बढुवा, सरुवा समेत हुन सक्दैन । उक्त कुरा रारिष्ट्रय स्तरमा रहेका अन्य संस्थाहरु खसगरी टान जस्तो गरिमामय संस्थालाई त झनै दृष्टान्त हुनेमा कुनै शंका छैन ।

१०) टानको निर्वाचन मिति २०७२ भाद्र ३१ गते घोषण भई मिति ०७२।६।१५ गते निर्वाचन हुने भनी तोकीएकोमा मनोनयनको दिन निर्वाचन अधिकृतले स्थगीत गरिएको र पुन कार्यसमितिले मिति ०७२।६।११ गते बैठक बसी मिति असोज २८ को लागी निर्वाचन तथा साधारण सभाको निर्णय गरेको देखिन्छ । यस अवस्थामा निर्वाचन घोषणा भएको मिति देखि नै कार्य समितिको हैसियत काम चलाउ मात्र हुने देखिन्छ । तसर्थ: मिति २०७२ असोज ८ गतेको बैठक निर्वाचन घोषणा भईसकेपछिको अवधी भएको हुँदा निर्वाचन घोषण गरी काम चलाउ अवस्थामा रहेको कार्य समितिले साधारण सभा वा निर्वाचनलाई सफल बनाउने र कार्यालयको दैनिक कामकाजको एजेण्डा बाहेक अन्य महत्वपुर्ण निर्णय गर्न नपाउने हुन्छ । अत: मिति २०७२।६।८ गतेको बैठकको विविध अन्तरगत क), ख), ग), घ) मा रहेको कर्मचारी नियुक्ति लगायत संघलाई आर्थिक भार पर्ने आर्थिक एजेण्डाहरु समेत लागु हुन सक्दैन । बैठकको निर्णय पुस्तिकाको निर्णयको अन्तमा सबै सदस्यहरुको हयस्ताक्षर समेत नदेखिएकोले उक्त निर्णय संघको आधिकारीक निर्णय मान्न सकिने अवस्था समेत छैन ।

अत: माथि विभिन्न प्रकरणमा उललेखि गरिएको टान (TAAN) को विधानको व्यवस्था, कर्मचारी विनियमावलीको व्यवस्था, निर्णय प्रक्रिया, निर्णयमा बहुमतको स्विकृतिको अभाव, निर्वाचन घोषण पछि काम चलाउ हैसियतमा भएको विवादस्पद निर्णय, कर्मचारीलाई दिइको नियुक्तिपत्र तथा नियुक्तीको निर्णय भएको र हाजीरी हुनुपर्ने मिति सो मितिमा हाजीरी नभई अत्यन्त शंकास्पद र द्धिविधाजनक नियुक्ति प्रक्रिया देखिएको हुँदा उक्त तिनजना कर्मचारीहरु १) जानुका भट्ट २) राधिका श्रेष्ठ ३) सम्झना श्रेष्ठलाई टिम्स शाखामा सिनियर असिस्टेन्ट पदमा गरेको नियुक्ति सदर हुन नसक्ने निष्कर्ष सुझाव कार्य समितिलाई दिने निर्णय गरियो । उपरोक्त दरबन्दिमा कर्मचारीहरु नियुक्तीमा अति आवश्यकीय निर्णय गर्ने पर्ने भए नया निर्वाचित कार्य समितिले वैधानिक प्रक्रिया पुर्‍याई पु:न निर्णय गर्न सक्ने अवस्थामा निर्वाचनको मुखमा गरिएको निर्णय आफैमा दुरासयपुर्ण र कार्यान्वयनको लागी अयोग्य छ। सोहि बमोजिमको सिफारिस कार्यसमिति समक्ष गर्ने निर्णय गरियो ।

आज मिति २०७२ असोज ८ गते शुक्रबारका दिन टान कार्यसमितिको ४२ औ बैठक होटल इन्काउण्टरमा अध्यक्ष रमेश प्रसाद धमलाज्यूको अध्यक्षतामा निम्न उपस्थीतमा तपशिलका विषयहरुमा छलफल गरी निर्णय गरियो ।

<u>उपस्थिति:</u>

| | |
|---|---|
| श्री रमेश प्रसाद धमला | अध्यक्ष |
| श्री महेन्द्र सिंह थापा | निवर्तमान अध्यक्ष |
| श्री केशव पाण्डे | वरिष्ठ उपाध्यक्ष |
| श्री कामी रिन्जी शेर्पा | प्रथम उपाध्यक्ष |
| श्री कुल बहादुर गुरुङ | द्वितिय उपाध्यक्ष |
| श्री सागर पाण्डे | महासचिव |
| श्री पासाङ शेर्पा | सचिव |
| श्री गोपाल बाबु श्रेष्ठ | कोषाध्यक्ष |
| श्री तिलक बहादुर थापा मगर | सहकोषाध्यक्ष |
| श्री धन प्रसाद गुरुङ | सदस्य |
| श्री आङ पेम्बा शेर्पा | सदस्य |
| श्री पासाङ तेण्डी शेर्पा | सदस्य |
| श्री पाल्साङ तामाङ | सदस्य |
| श्री राजेन्द्र सापकोटा | सदस्य |
| श्री निलहरि बास्तोला | सदस्य |
| श्री नमराज गौली (एन्जी) | सदस्य |
| श्री मेघनाद तिमल्सिना | सदस्य |
| श्री गोकुल सापकोटा | सदस्य |
| श्री सोनाम ग्याल्जेन शेर्पा | सदस्य |
| श्री केशव राज बाग्ले | सदस्य |
| श्री विद्या हिराचन | सदस्य |
| श्री रन्जन राजभण्डारी | सदस्य |
| श्री राम चन्द्र शर्मा | अध्यक्ष, टान पश्चिमाञ्चल क्षेत्रीय संघ पोखरा |

अध्यक्ष श्री रमेश प्रसाद धमलाज्यूले उपस्थित सबै पदाधिकारीहरु एवं सदस्यहरुलाई स्वागत गर्दै बैठकमा प्रस्तुत विषयवस्तु उपर छलफलका लागि महासचिव श्री सागर पाण्डेज्यूलाई अनुमति दिए पश्चात महासचिवज्यूले बैठकको कारवाही शुरु गर्नुभयो ।

<u>प्रस्तावना:</u>

१) ३७ औ वार्षिक साधारण सभामा कार्यसमितिको तर्फबाट महासचिवज्यूद्वारा प्रस्तुत आ.व.२०७१।०७२ को मस्यौदा प्रगति प्रतिवेदन तथा आ.व.२०७२।०७३ को मस्यौदा नीति तथा कार्यक्रमको उपर छलफल तथा निर्णय ।

२) ३७ औ वार्षिक साधारण सभामा कार्यसमितिको तर्फबाट कोषाध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७१।०७२ को मस्यौदा लेखापरीक्षण प्रतिवेदन तथा आ.व.२०७२।०७३ को अनुमानित आय–व्यय विवरण (बजेट) उपर छलफल तथा निर्णय ।

३) विधान संशोधन सम्बन्धमा ।

४) विविध

निर्णयहरु:

प्रस्ताव नं. १, २ र ३ को सन्दर्भमा छलफल हुँदा मदै मस्यौदा प्रतिवेदनहरुलाई आउने बैठकमा छलफलको लागि पेश गर्ने निर्णय गरियो ।

४. विविध ।

क) अन्य विविध विषयमा छलफल गर्ने क्रममा संघको टिम्स शाखाका २ जना कर्मचारीहरुले राजिनामा दिएकाले मुख्य पर्यटकीय मौसमको चाप र टीम्स काउण्टरको आवश्यकतालाई मध्य नजर गर्दै तुरुन्त नयां कर्मचारी नियुक्त गर्ने निर्णय भए अनुसार श्री जानुका भट्ट तथा श्री राधिका श्रेष्ठलाई र ठमेल स्थित टिम्स काउन्टरमा एक जना थप कर्मचारी आवश्यक भएकोले श्री सम्झना श्रेष्ठलाई यही मिति २०७२ असोज १५ गते देखि हाजिर भई कार्य गर्ने गरी नियुक्ती दिने निर्णय गरियो । नीजहरुको सेबा सुविधा सिनियर असिस्टेन्ट पद अनुसारको हुने समेत बैठकले निर्णय गर्‍यो ।

ख) UIAA को दक्षिण कोरियाको Seoul मा यही अक्टोबर २० देखि २४ सम्म हुने General Assembly Meeting मा संघको तर्फबाट अध्यक्ष श्री रमेश प्रसाद धमलाज्यूले प्रतिनिधित्व गर्नु हुने निर्णय गरियो । वहाँको आते/जाते हवाई खर्च, होटलको Room charge तथा कार्यक्रमको सहभागीता शुल्क टानकोषबाट व्यहोर्ने निर्णय गरियो ।

ग) टान पश्चिमाञ्चल क्षेत्रीय संघ पोखराको सचिवालय भवन निर्माणका सहयोग रकम माग भई आएको विषयलाई बैठकमा व्यापक छलफल हुंदा यस कार्यको लागि रु. १०,००,०००० (अक्षरुपी दश लाख मात्र) निकाशा गर्ने निर्णय गरियो ।

घ) हिमाल एफ एम सोलुखुम्बुलाई सम्झौता अनुसार मासिक रुपमा एक वर्ष सम्म टान तथा पर्यटन सम्बन्धि गतिविधि प्रसारण गर्नको लागि जम्मा रु. २,५०,००० (अक्षरुपी दुई लाख पचास हजार मात्र) भुक्तानी दिने निर्णय भयो ।

ङ) TAAN-WFP project को बैंक खाताबाट टिम्स कोषमा ऋण सहयोगको रुपमा रु. ४०,००,००० (अक्षरुपी चालिस लाख स्थानान्तरण गर्ने बैठकले निर्णय गर्‍यो ।

बैठकमा अन्य छलफलका विषयवस्तु नभएकोले उपस्थित सबैलाई धन्यवाद दिंदै अध्यक्षज्यूको अनुमतिले बैठक सम्पन्न गरियो ।

सागर पाण्डे
महासचिव

Trekking Agencies' Association of Nepal

xecutive Committee
(2013-2015)

resident
Mr. Ramesh Pd. Dhamala
98510 31179

mmediate Past President
Mr. Mahendra S. Thapa
98510 27620

Senior Vice President
Mr. Keshav Pandey
98510 55105

First Vice President
Mr. Kami Rinji Sherpa
98510 22002

Second Vice President
Mr. Kul Bahadur Gurung
98510 22814

General Secretary
Mr. Sagar Pandey
98510 32036

Secretary
... ang Sherpa
...0 60947

Treasurer
Mr. Gopal Babu Shrestha
98510 93450

Joint Treasurer
Mr. Tilak Thapa Magar
98510 68290

Executive Member
Mr. Dhana Prasad Gurung
98510 06092

Mr. Ang Pemba Sherpa
9841 297070

Mr. Pasang Tendi Sherpa
98510 65497

Mr. Palsang Tamang
9841 506950

Mr. Rajendra Sapkota
985...0836

... Nil Hari Bastola
98510 19279

Mr. Namaraj Gauli
98510 16631

Mr. Meghanad Timalsina
98510 93973

Mr. Gokul Sapkota
98511 26351

Mr. Sonam Gyaljen Sherpa
98510 78748

Mr. Keshav Raj Wagle
9841 389771

Ms. Bidhya Hirachan
9841 214543

Mr. Ranjan Rajbhandari
9841 986899

Mr. Ram Chandra Sharma
President (TAAN Western
Regional Chapter)
9856035706

Date : 2072/06/01

Ms. Radhika Shrestha

Dhola-6, Dhading

<u>Subject: Appointment Letter</u>

Dear Ms Shrestha,

This is to inform you that you are appointed as Assistant TIMS Officer to work in Trekker's Information Management System (TIMS) department under TAAN effective from 2072 Aswin 15. Your duties and responsibilities will be as provided as mentioned in the job description. Your monthly basic salary and other allowance will be as under. You are required to work closely with the department head and follow all the rules and regulations of the organization.

| | |
|---|---|
| Post : | Senior Assistant |
| Basic Salary : | 15,000 |
| Dearness Allowance: | 1,500 |
| Transportation Allowance: | 1,000 |
| Communication Allowance: | 500 |
| **Total** | **18,000.00** |

Congratulations and best wishs for the best performance.

Sagar Pandey

General Secretary

TREKKING AGENCIES' ASSOCIATION OF NEPAL Kathmandu

2072/07/12

P.O. Box: 3612, Ganeshthan, Maligaon, Kathmandu, Nepal : Tel: 977 1 4427473, 4440920, 4440921 : Fax: 977 1 4419245
E-mail: taan@wlink.com.np/ taan@mail.com.np/ info@taan.org.np

ecutive Committee
(2013-2015)

resident
Mr. Ramesh Pd. Dhamala
8510 31179

Immediate Past President
Mr. Mahendra S. Thapa
8510 27620

Senior Vice President
Mr. Keshav Pandey
8510 55105

First Vice President
Mr. Kami Rinji Sherpa
8510 22002

Second Vice President
Mr. Kul Bahadur Gurung
8510 22814

General Secretary
Mr. Sagar Pandey
8510 32036

Secretary
Mr. Pasang Sherpa
10 60947

Treasurer
Mr. Gopal Babu Shrestha
8510 93450

Joint Treasurer
Mr. Tilak Thapa Magar
8510 68290

Executive Member
Mr. Dhana Prasad Gurung
8510 06092

Mr. Ang Pemba Sherpa
841 297070

Mr. Pasang Tendi Sherpa
8510 65497

Mr. Palsang Tamang
841 506950

Mr. Rajendra Sapkota
851 0836

Mr. Nil Hari Bastola
8510 19279

Mr. Namaraj Gauli
8510 16631

r. Meghanad Timalsina
510 93973

Gokul Sapkota
511 26351

Sonam Gyaljen Sherpa
10 78748

Keshav Raj Wagle
389771

idhya Hirachan
214543

njan Rajbhandari
86899

n Chandra Sharma
nt (TAAN Western
al Chapter)
5706

TAAN
Trekking Agencies' Association of Nepal
ट्रेकिङ एजेन्सीज् एशोसिएसन अफ नेपाल

Date : 2072/06/01

Ms. Samjhana Shrestha

Ghairung, Gorkha

**Subject: Appointment Letter**

Dear Ms Shrestha,

This is to inform you that you are appointed as Assistant TIMS Officer to work in Trekker's Information Management System (TIMS) department under TAAN effective from 2072 Aswin 15. Your duties and responsibilities will be as provided as mentioned in the job description. Your monthly basic salary and other allowance will be as under. You are required to work closely with the department head and follow all the rules and regulations of the organization.

| | |
|---|---|
| Post : | Senior Assistant |
| Basic Salary : | 15,000 |
| Dearness Allowance: | 1,500 |
| Transportation Allowance: | 1,000 |
| Communication Allowance: | 500 |
| Total | 18,000.00 |

Congratulations and best wishes for the best performance.

Sagar Pandey

General Secretary

TREKKING AGENCIES' ASSOCIATION OF NEPAL Kathmandu

... Ganeshthan, Maligaon, Kathmandu, Nepal, Tel: 977 1 4427473, 4440920, 4440921, Fax: 977 1 44 ... 9245

TAAN
Trekking Agencies' Association of Nepal
ट्रेकिङ एजेन्सीज् एशोसिएशन अफ नेपाल

..utive Committee
(2013- 2015)

President
Mr. Ramesh Pd. Dhamala
98510 31179

Immediate Past President
Mr. Mahendra S. Thapa
98510 27620

Senior Vice President
Mr. Keshav Pandey
98510 55105

First Vice President
Mr. Kami Rinji Sherpa
98510 22002

Second Vice President
Mr. Kul Bahadur Gurung
98510 22814

General Secretary
Mr. Sagar Pandey
98510 32036

Se[illegible]ary
M[illegible]sang Sherpa
[illegible]10 60947

Treasurer
Mr. Gopal Babu Shrestha
98510 93450

Joint Treasurer
Mr. Tilak Thapa Magar
98510 68290

Executive Member
Mr. Dhana Prasad Gurung
98510 06092

Mr. Ang Pemba Sherpa
9841 297070

Mr. Pasang Tendi Sherpa
98510 65497

Mr. Palsang Tamang
9841 506950

Mr. Rajendra Sapkota
98[illegible] 90836

[illegible]. Nil Hari Bastola
98510 19279

Mr. Namaraj Gauli
98510 16631

Mr. Meghanad Timalsina
98510 93973

Mr. Gokul Sapkota
98511 26351

Mr. Sonam Gyaljen Sherpa
98510 78748

Mr. Keshav Raj Wagle
9841 389771

Ms. Bidhya Hirachan
9841 214543

Mr. Ranjan Rajbhandari
9841 986859

Mr. Ram Chandra Sharma
President (TAAN Western Regional Chapter)
9856035706

Date : 2072/06/01

Ms. Januka Bhatta (Adhikari)

Dhola-5, Dhading

**Subject: Appointment Letter**

Dear Ms Bhatta,

This is to inform you that you are appointed as Assistant TIMS Officer to work in Trekker's Information Management System (TIMS) department under TAAN effective from 2072 Aswin 15. Your duties and responsibilities will be as provided as mentioned in the job description. Your monthly basic salary and other allowance will be as under. You are required to work closely with the department head and follow all the rules and regulations of the organization.

| | |
|---|---|
| Post : | Senior Assistant |
| Basic Salary : | 15,000 |
| Dearness Allowance: | 1,500 |
| Transportation Allowance: | 1,000 |
| Communication Allowance: | 500 |
| **Total** | **18,000.00** |

Congratulations and best wishs for the best performance.


TREKKING AGENCIES' ASSOCIATION OF NEPAL
Kathmandu

Sagar Pandey

General Secretary

P.O. Box 3612, Ganeshthan, Maligaon, Kathmandu, Nepal. Tel: 977 1 4427473, 4440920, 4440921 Fax 977 1 4419245
E-mail: taan@wlink.com.np/ taan@mail.com.np/ info@taan.org.np

# कर्मचारीहरुको हाजिर किताब



(क) यो विनियमको व्याख्या गर्ने अधिकार कार्यसमितिमा सुरक्षित रहनेछ ।

(ख) यो विनियमको प्रयोग गर्दा गरिएको व्याख्याबाट कुनै कर्मचारीलाई मर्का परेमा मर्का पर्ने पक्षले **कार्यकारी अधिकृत** मार्फत कार्य समिति समक्ष निवेदन गर्न सक्नेछ । र सो सम्बन्धमा समितिको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद २

## दरबन्दी र पदपूर्ति व्यवस्था

### २.१ दरबन्दी र कार्य विभाजन

(क) संघलाई आवश्यक पर्ने कर्मचारीको दरबन्दी समितिले आवश्यकता, आय श्रोत र कार्यबोझको आधारमा स्थायी र अस्थायी विभिन्न श्रेणीको दरबन्दि सृजना गर्नेछ ।

ख) खण्ड (ख) बमोजिम सृजना गरिने कर्मचारीहरुको काम कर्तव्य र अधिकार समितिको निर्णयानुसार समय-समयमा तोकिए बमोजिम हुनेछ ।

### २.२. श्रेणी विभाजन

क) समितिले कामको प्रकृती र कार्यबोझ समेतको आधारमा **कार्यकारी अधिकृत**, लेखा अधिकृत, तालिम अधिकृत, अनुसन्धान र विकास अधिकृत, सूचना अधिकृत र कार्य समितिले तोके बमोजिमका अन्य अधिकृत पद, योग्यता र कार्यानुभवको आधारमा प्रथम, द्धितिय र तृतिय श्रेणीका हुनेछन् ।

ख) निजामती कर्मचारी सेवामा नायब सुब्बा वा सो सरहका निमित्त तोकिएको शैक्षिक योग्यता भएका कर्मचारी सहायक प्रथम श्रेणी, प्रवेशिका शैक्षिक योग्यता तोकिएको कर्मचारी सहायक द्धितिय श्रेणी र सो भन्दा मूनिका अन्य कर्मचारी तृतिय श्रेणीका हुनेछन् ।

### २.३ पदपूर्ती सम्बन्धि व्यवस्था :-

संघलाई आवश्यक कर्मचारीको पदमा नियुक्ती (नयाा नियुक्ती र बढुवा समेत) को लागि सिफारिस गर्न कार्य समितिले देहाय बमोजिम पाच जनाको पदपूर्ती समिति गठन गर्नेछ । पदपूर्ती समितिको कार्यबिधि समितिले तोके बमोजिम हुनेछ ।

क) केन्द्रिय कार्य समितिका अध्यक्ष – १ .................... अध्यक्ष

ख) केन्द्रिय कार्य समितिका महा-सचिव– १ .................... सदस्य

ग) समितिले तोके बमोजिमका पदाधिकारी वा सदस्य – २ .......सदस्य

घ) **कार्यकारी अधिकृत** ..........................................सदस्य सचिव

**कार्यकारी अधिकृत**को नियूक्ती वा बढुवाका निमित्त उल्लेखित समितिको सदस्य सचिवमा समितिले तोकेको व्यक्ति रहनेछ ।

### २.४. विज्ञापन:-

पूर्ती गर्नु पर्ने पदको संख्या, सेवा, श्रेणी, स्थायी वा अस्थायी, आवश्यक न्यूनतम शैक्षिक एवं अन्य तालिम सम्बन्धि योग्यता, अनुभव, सो पदले सम्पादन गर्नु पर्ने काम, परिक्षाको किसिम, उमेरको हद, नागरिक्ता, दरखास्त दिने अन्तिम मिति आदि लगायतका कुराहरु खुलाई सर्वसाधारणले थाहा जानकारी पाउने कुनै राष्ट्रिय दैनिक पत्रिकामा एक महिनाको अवधि तोकि विज्ञापन प्रकाशित गर्नु पर्नेछ ।

### २.५. उमेरको हद :-

नयाा कर्मचारी शुरु नियूक्ति गर्दा श्रेणी अनुसार देहाय बमोजिमको उमेरको हद कायम गर्नु पर्नेछ ।

क) अधिकृत श्रेणीका लागि २५ वर्ष पूरा गरी ४० वर्ष ननाघेको ।

ख) सहायक प्रथम र द्धितिय श्रेणीका लागि १८ वर्ष पूरा गरी ३० वर्ष ननाघेको

ग) श्रेणी विहीन पदका लागि १६ वर्ष पूरा गरी ३५ वर्ष ननाघेको ।

### २.६. योग्यता : –

# निर्वाचन ऐनमा भएको व्यवस्था

परिच्छेद-५

<u>आचारसंहिता</u>

२८. <u>आचारसंहिता</u> : (१) आयोगले निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न नेपाल सरकार, सरकारी तथा अर्धसरकारी संस्थाको कार्यालय तथा कर्मचारी, निर्वाचनको काममा संलग्न कर्मचारी, राजनैतिक दल, उम्मेदवार तथा निजहरुसँग सम्बन्धित व्यक्तिहरु, सरकारी तथा निजी क्षेत्रका आम सञ्चारका माध्यमहरुले पालना गर्नु पर्ने आचारसंहिता बनाउन सक्नेछ । आयोगले यसरी आचारसंहिता बनाउँदा सम्बन्धित सरोकारवालासँग परामर्श गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोगले आचारसंहिता बनाउँदा खासग निर्वाचनको स्वच्छता र निष्पक्षतामा प्रभाव पर्ने गरी नेपाल सरकारले नयाँ नी योजना तथा कार्यक्रम घोषणा गर्ने, जनशक्ति तथा साधन स्रोतको परिचालन गर्ने त निर्वाचन प्रचार-प्रसारका लागि सरकारी सञ्चार साधनको प्रयोग गर्ने नपा विषयमा आचारसंहिता बनाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम आयोगले बनाएको आचारसंहिता नेपाल राजप प्रकाशन गरिनेछ र त्यस्तो आचार संहिताको पालन गर्नु सम्बन्धित सबैको क हुनेछ ।